सरुमारानी गाँउपालिका
# गाँउकार्यपालिकाको कार्यालय
बङ्गाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :-२०७९/०८०
चलानी नं.:-

मिति:२०७९।१०।२६

---

**विषय:-न्यूनतम रोजगारीमा संलग्न हुनको लागी निबेदन दिने सम्बन्धमा ।**
**सुचना प्रकाशित मिति २०७९/१०/२६**

रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावलीको नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका ( दोस्रो संसोधन ) २०७५ को दफा १८ बमोजिम आर्थिक बर्ष २०८०/२०८१ का लागि यस सरुमारानी गाँउपालीकाको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक १८ देखि ५९ वर्ष सम्मका बेरोजगार व्यक्तिहरुले यहि मिति २०७९ फागुन १ देखि २०७९ फागुन ३० गते सम्म आफुले स्थायी बसोवास गरेको वडा कार्यालयमा गई बेरोजगार ब्यक्तिको सूचिमा सूचिकृत हुन निवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको छ। साथै प्रधानमन्त्री रोजगार कार्यक्रम संञ्चालन निर्देशिका ( दोस्रो संसोधन )२०७५ को अनुसुची १ बमोजिम पुर्ण विवरण उपलब्ध नभएको खण्डमा निवेदन अस्वीकृत हुने ब्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ।

**आवश्यक कागजातहरु:-**

१.नेपाली नागरिकताको प्रतिलिपि
२.हालसालै खिचेको पासपोर्ट साइजको फोटो १ प्रति
३.शैक्षिक योग्यता तथा सिपको प्रमाणपत्रको प्रतिलिपि
४.अनुभव प्रमाणपत्रको प्रतिलिपि
५.परिवारका सम्पूर्ण सदस्यहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
६.बसाईसराई गरी आएको भएमा बसाईसराई कागजको प्रतिलिपि
७.प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका (दोस्रो संसोधन)२०७५ को अनुसुची १ बमोजिमको ढाँचा वडा कार्यालय अथवा प्रधानमन्त्रि रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np वाट प्राप्त गर्न सकिने छ।

रोजगार संयोजक

प्रमुख प्रशासकिय अधिकृत
चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

थप जानकारीका लागी : ९८५७८३६०२२,९८५७८२३३७३ र ९८४५२००६७१ मा कार्यलय समयमा सम्पर्क गर्नुहोला ।